नेपाल टेलिकम
NEPAL TELECOM

राष्ट्र निर्माण हाम्रो लक्ष्य

प.सं ०८२।८३
च.नं. प्रे.वि.नं. १०

मिति- २०८२।०९।३०

प्रेस विज्ञप्ति

नेपाल टेलिकमले VAS (Value Added Services) सेवा प्रदायकहरु मार्फत SMS मा आधारित विभिन्न प्रकारका सन्देशहरु सेवाग्राहीहरुलाई पठाउने व्यवस्था रहेको छ । सम्बन्धित VAS सेवा प्रदायकहरुले सेवाग्राहीहरुको आवश्यकता बमोजिमको सन्देश पठाउने र आवश्यक नियन्त्रण कार्य गर्दै आएका छन् । यसका लागि नेपाल टेलिकमले कुनै पनि सेवाग्राहीको व्यक्तिगत मोबाइल नम्बर तथा अन्य विवरण उपलब्ध गराउने गरेको छैन ।

यसै सन्दर्भमा हाल केही सेवा प्रदायकमार्फत VAS को स्वीकृत व्यवसाय भन्दा फरक आपत्तिजनक प्रकृतिको सन्देश नेपाल टेलिकमका विभिन्न मोबाइल नम्बरहरुमा समेत प्रवाह भइरहेको र यस सम्बन्धमा सेवाग्राही तथा राज्यको जिम्मेवार निकायहरुबाट समेत गुनासो प्राप्त भएको छ ।

यस अनुसार सम्बन्धित VAS सेवा प्रदायकलाई विभिन्न प्रकारका जातीय, वर्गिय, धार्मिक, साम्प्रदायिक वा राजनीतिक सद्भावमा खलल पुऱ्याउने प्रकृतिका सन्देश प्रवाह नगर्न सचेत गराइएको छ । आगामी दिनमा समेत यस प्रकारका सन्देश सर्वसाधारणको नम्बरमा प्रवाह नगर्न तथा नियन्त्रण गर्न सबै VAS सेवा प्रदायकहरुलाई निर्देशन दिइएको छ । यस प्रकारका कार्य पुनः दोहोऱ्याएमा सम्झौताको प्रावधान बमोजिम दुई पक्ष बिचको सम्झौता नै रद्द गर्न सकिने छ ।

नेपाल टेलिकम सेवाग्राहीको मोबाइल नम्बर तथा अन्य विवरणहरुको गोपनियताप्रति सदैव संवेदनशील रहेको र आगामी दिनमा समेत गोपनियताको सम्मान गर्ने प्रतिबद्धता पुनः व्यक्त गर्दछ ।

२०८२।९।३०

रबिन्द्र मानन्धर
प्रवक्ता

सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाण्डौ ।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०२०४
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२